फोन : ०२१-५११३५८/५१६५६८
Email : doadprovince1@gmail.com
Website: doad.p1.gov.np

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

विराटनगर, नेपाल

## स्रोत केन्द्र (च्याउ र मौरी ) विकास कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०४/३१)**

यस निर्देशनालयको आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **स्रोत केन्द्र (च्याउ र मौरी )** कार्यक्रम रहेको हुँदा प्रदेश नं.१ का ईच्छुक कृषक समुह/सहकारी/निजी कम्पनी/ कृषि उद्योगहरुले **कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११)** अनुसार तोकिए बमोजिमका शर्तहरु पालना गरि यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गर्नहुन अनुरोध गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ताहुने छैन। थप जानकारीका लागि यस निर्देशनालयको फोन.नं. ०२१-५११३५८/५१६५६८ मा सम्पर्क राख्नुहुन वा वेभसाईट **doad.p1.gov.np** बाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७/१२/११) डाउनलोड गर्न सकिने छ।

**आवेदनको ढाँचा तथा आवेदन दर्ताको लागि सम्पर्क गर्न सकिने कार्यालयहरुः**

१. कृषि विकास निर्देशनालय, विराटनगर

२. कृषि ज्ञान केन्द्रहरुःपाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, संखुवासभा, भोजपुर, ओखलढुङ्गा,खोटाङ्ग, उदयपुर, सोलुखुम्बु। (सम्पर्क केन्द्रहरुःताप्लेजुङ्ग,मोरङ्ग र तेह्रथुम)

कार्यक्रम विवरणः

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | स्रोत केन्द्र (च्याउ र मौरी ) विकास कार्यक्रम | १० | ७५% प्रतिशत वा बढिमा रु १५ लाख सम्म अनुदान | कृषक समूह / कृषि सहकारी संस्था/कृषि उद्योग/कृषि फार्महरु |

**संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुः**

(१) आवेदन पत्रका साथमा संक्षिप्त कार्य योजना।

(२) संस्था/समुह/कृषि उद्योग/कृषि फर्म दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

(३) संस्था/समुह/कृषि उद्योग/कृषि फर्म नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।

(४) संस्था/कृषि उद्योग/कृषि फर्म संस्थाको **PAN** वा **VAT** प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(५) संस्था/कृषि उद्योग/कृषि फर्म /कृषि सहकारीको हकमा पछिल्लो तिन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि

(६) गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(७) अन्य प्रमाणित प्रमाण पत्रहरू (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपीहरू ।

(८) जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी / जग्गा भाडामा लिएको भए सो को प्रमाण / सार्वजनिक जग्गा भए स्थानीय तहको सिफारिस।

(९) कृषि ज्ञान केन्द्रको सिफारिस।

(१०) स्थानीय तह कृषि शाखाको सिफारिश।

(११) आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्ने छ ।

(१२) निवेदन दस्तुर प्रति निवेदन रु २०० कृषि विकास निर्देशनालय, राजस्व शीर्षकः १४२२९, कार्यालय कोडः ३१२०११३०११, राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल भौचर

निमित्त प्रमुख